# उपप्रमुख श्री मन्जु तामाङज्यू, बाट नगरसभामा पेश भएको आर्थिक वर्ष २०८२।०८३ को बजेट बक्तव्य

बाह्रविसे नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बाह्रविसे,सिन्धुपाल्चोक ।
२०८२।०३।०८

# बाह्रविसे नगरपालिकाको
# सत्रौं (१७) औं नगर सभा
# २०८२।०३।०८
# उपप्रमुख श्री मन्जु तामाङ्गद्वारा
# प्रस्तुत आ.व.०८२।०८३ को
# बार्षिक बजेट तथा कार्यक्रम

बाह्रविसे नगरपालिकाको सत्रौं (१७) औं गरिमामय नगर सभाको अध्यक्षता ग्रहण गरिरहनु भएका नगर प्रमुख श्री बालकृष्ण वस्नेतज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगर सभासदस्यज्यूहरु, नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, सम्पूर्ण नगरवासी आमा वुवा दाजु भाई तथा दिदिवहिनीहरु,

नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरे वमोजिम बाह्रविसे नगरपालिकाको आगामी आ.व.२०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न लागि रहेको छु । लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनमा जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु ।

बाह्रविसे नगरपालिकाकाले मुख्य गरि गुणस्तरीय र सर्वसुलभ शिक्षामा सवैको पहुँचमा अभिबृद्धि गर्न र सरलरुपमा स्वास्थ्य सेवा स्थानीयहरुले पाउन भनि आगामी आ.व.२०८२।०८३ मा नगरपालिकाको ठुलो हिस्साको बजेट तर्जुमा गरिएको छ । हाम्रो नगरपालिका भौगोलिक हिसावले मनसुनजन्य र अन्य आकस्मिक दुर्घटना/विपदबाट अति प्रभावित क्षेत्र अन्तर्गत पर्दछ । तसर्थ नगरपालिकाबाट विपद व्यवस्थापन तर्फ विशेष बजेट विनियोजन गर्ने प्रस्ताव गरिएको छ ।

**सभाध्यक्षज्यू,**

## चालु आ.व.०८१।०८२ को समीक्षा

म अव चालु आ.व.०८१।०८२ को बजेट तथा कार्यक्रमबाट प्राप्त मुख्य उपलव्धीहरु यहाँहरु समक्ष राख्न चाहन्छु । जुन निम्नानुसार रहेका छन् ।

- शिक्षा क्षेत्रमा प्रारम्भिक शिक्षा नै गुणस्तरीय शिक्षाको मेरुदण्ड भएको हुँदा बालवालिकाहरुलाई सामुदायिक विद्यालय प्रति आकर्षित गर्न मन्टेश्वरी शिक्षण पद्धतिबाट शुरु गरेको प्रारम्भिक शिक्षालाई निरन्तरता दिइएको छ । विद्यालयहरुमा विद्यालयको माग वमोजिम इन्टरनेट जडान र ई हाजिरीको व्यवस्था भएको छ । नेपाल सरकारले निर्धारण गरे बमोजिमको दिवा खाजा थप कक्षा ८ सम्म र कक्षा १२ सम्म निःशुल्क शिक्षा

कार्यक्रमले निरन्तरता पाएको छ ।

- स्वाथ्य तर्फ संघ, प्रदेश र नगरपालिकाको समन्वयमा सवै वडाहरुमा स्वास्थ्य चौकी भवन पूर्वाधार निर्माण र कर्मचारीको व्यवस्थापन भएको छ ।

- संघ, प्रदेशबाट प्राप्त कार्यक्रमको अतिरिक्त नगरपालिकाबाट पनि कृषकहरुको लागि अनुदानको व्यवस्था गरिएको छ ।
- साँस्कृतीक सम्पदाको संरक्षण तर्फ वस्ती स्तरको माग वमोजिम विभिन्न स्थानहरुमा मठमन्दिर निर्माण, गुम्वा तथा चैत्य निर्माण, चर्च भवन निर्माण जस्ता कार्यहरुलाई प्रोत्साहीत गरिएको छ ।
- स्रोत र साधनले भ्याए सम्म वस्ती स्तरमा खानेपानी उपलव्ध गराइएको छ ।
- पशु विमा खोप तथा औषधी वितरणलाई निरन्तरता दिइएको छ ।
- स्थानीय स्तरमा सिप विकास तालिम सञ्चालन गरि लघु, घरेलु उद्योगलाई प्रोत्साहित गरिएको छ ।
- मौषम जन्य प्राकृतिक विपद र आकस्मिक विपदमा परेकाहरुको तत्काल खोज तथा उद्धार र राहतका कार्यहरु तिव्र रुपमा अगाडी वढाई पीडितहरुलाई प्रत्यक्ष राहत महशुस हुने गरी कार्य गरिएको छ । हाल सम्म पुनर्स्थापना गर्नु पर्ने मध्ये १४४ वटा घरहरुको सम्झौता भै ६४ वटा घर निर्माण सम्पन्न भई भुक्तानी दिइएको छ । आफ्नो स्वामीत्वमा घर घडेरी नभएका ४९ घर परिवारलाई पुनर्स्थापनाको लागि जग्गाधी प्रमाणपुर्जा समेत उपलव्ध गराइएको छ ।

उल्लेखित उपलव्धीहरु हासिल गर्नको लागि नगरपालिकामा संघ, प्रदेशबाट प्राप्त कार्यक्रम र नगरपालिकाको कार्यक्रमबाट २०८२ आषाढ मसान्त सम्म वित्तिय व्यय आम्दानीको अनुपातमा करिव ९५ प्रतिशत हुने अनुमान गरेको छ । आषाढ मसान्त सम्म खर्च नभै बचत हुन जाने रकम रातो किताव प्रकासित गर्दा समावेश गर्ने गरी बजेट तर्जुमा गरेको छ ।

**सभाअध्यक्षज्यू,**

नगर प्रमुखज्यूबाट पेश भई यस सम्मानित नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस वर्ष उपलव्ध अनुमानित स्रोत र साधनको अधिनमा रही बजेट पेश गेरको छु । स्वीकृत नीति तथा कार्यक्रममा समावेश भएका कतिपय अत्यन्त राम्रा विषयहरु सीमित स्रोत साधानका कारणले यस वर्षको बजेटमा समावेश गर्न सकिएको छैन । त्यस्ता कार्यक्रमहरु आगामी वर्षहरुमा समेटिने छ । बजेट तयार गर्दा राजश्व परामर्श समितिले दिएको सुझाव, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तोकेको बजेटको सीमा अनुसार नगरका विभिन्न समिति तथा शाखाहरुमा छलफल गरी उहाँहरुबाट प्राप्त सुझाव समेलाई मध्येनजर

गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तयार गरी कार्यपालिका वैठकबाट अनुमोदन गराई यस सभामा पेश गरेको छु ।

बजेट तर्जुमा गर्दा विगतका आर्थिक वर्षहरुमा गरिएका घोषणाहरु र संघ तथा प्रदेश सरकारबाट प्राप्त योजना तथा नीतिलाई आधार मानिएको छ । यो बजेटको कार्यान्वय पश्चात चालु आ.व.०८१।०८२ का अधुरा योजनाहरु पुरा हुनेछन् भने केहि नयाँ योजनाहरु थपिनेछन् ।

**सभाअध्यक्षज्यू,**

आर्थिक वर्ष २०८२।०८३ को बजेटका उद्देष्यहरु देहाय बमोजिम रहेका छन् ।
१.बजेटका उद्देष्यहरु देहाय वमोजिम रहेको छन् ।

- शिक्षा, स्वास्थ्य नागरिकहरुको नैसर्गिक अधिकार हो, जुन नेपालको संविधान २०७२ ले पनि सुनिश्चित गरेको छ, सोहीलाई स्थानीय तह सरकारको तर्फबाट थप व्यवस्थापन गर्नको लागि शिक्षा तर्फ विशेष बजेटको व्यवस्था गर्ने ।
- मौषम जन्य प्राकृतिक विपदबाट नागरिकहरुको जीवन रक्षा गर्दै जनजीवीकालाई सहज र सुरक्षित गराई बाँच्न पाउने मानविय अधिकारको रक्षा गर्नका लागि विपद व्यवस्थापन तर्फ विशेष व्यवस्था गर्ने
- स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग र बजारीकरण गर्ने ।
- कृषि र पशुपन्छि विकास तर्फ एक वडा एक पकेट क्षेत्र निर्धारण गरि सोहि अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
- युवाहरुलाई स्वास्थ्य तथा सामाजिक रुपमा उत्तरदायी बनाउनको लागि खेलकुदका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नगरपालिका भित्रका लक्षित समुदायहरुको लागि विषेश कार्यक्रम मार्फत उनीहरुको दैनिक जीवनमा सहयोग पुऱ्याउने ।
- नगरपालिकाको सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री वनाउँदै नागरिक वडापत्रको व्यवहारिक कार्यान्वयन गर्दै सुशासन मैत्री सेवा प्रवाह गर्ने ।
- स्वास्थ्य संस्थाहरुको सवलकिरण र सेवा प्रवाहलाई सुदृढ गर्ने,नगर अस्पताल सञ्चालन गर्ने ।

२.आर्थिक वर्ष २०८२।०८३ को बजेटका प्राथामिकताका क्षेत्रहरु देहाय वमोजिम रहेका छन् ।

- शैक्षिक विकास, स्वास्थ्य विकास तथा आर्थिक विकास
- अधुरा योजनाहरु सम्पन्न गर्ने ।
- सार्वजनिक सेवा तथा क्षमताको विकास,न्यायिक व्यवस्थापन
- लक्षित वर्ग उत्थान एवं समावेशीकरण

३.बजेटका उद्देष्यहरु हासिल गर्न देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथामिकता निर्धारण गरेको छु ।

- स्वास्थ्यको दायरालाई विस्तार तथा सवै वडाका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य कर्मी तथा नि:शुल्क औषधहिरु उपलव्ध हुने व्यवस्था मिलाइएको छ ।
- शैक्षिक गुणस्तरमा सुधार र विकासका लागि स्रोतको सिमा भित्र रही विशेष बजेटको व्यवस्था मिलाएको छ ।
- कृषि पशु लगाएतका क्षेत्रमा प्रोत्साहनको व्यवस्था मिलाउन पकेट क्षेत्र विकास कार्यक्रमलाई थप व्यवस्थित गर्न आवश्यक कार्यक्रम अगाडी वढाउने व्यवस्था मिलाएको छ ।
- बालमैत्री स्थानीय शासन अवलम्वन गरि ५१ वटा सूचकहरु पुरा गर्दै वडा तथा नगरपालिकालाई बालमैत्री घोषणा गर्ने कार्यलाई निरन्तार दिने व्यवस्था मिलाएको छु ।
- महिला दलित,अपाङ्गता, अल्पसंख्यक लक्षित समुदायमैत्री स्थानीय शासन वनाउनका लागि बजेट विनियोजन गरिएको छ ।
- संघीय सरकार, प्रदेश सरकार सँग मोजुदा कोषहरुको रकम नगरपालिका सँगको साझेदारीमा कार्यान्वयन गर्न समपुरक कोषमा बजेट सुनिश्चित गरी बजेटको व्यवस्थापन गरेको छ ।
- नीति तथा कार्यक्रमले उच्च महत्व दिएका विषयहरुलाई आर्थिक समाजिक,पूर्वाधार , वन वातावरण र विपद व्यवस्थापन,सुशासन तथा संस्थागत विकासका क्षेत्रमा स्रोतको सिमा भित्र रही बजेटको व्यवस्था मिलाइएको छ ।

**सभा अध्यक्षज्यू,**

अब म बाह्रविसे नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अनुमानित आय पेश गर्दछु ।
१.नेपाल सरकार बाट प्राप्त समानिकरण अनुदान रकम रु.१२८९०००००।- अक्षरुपी बाह्र करोड उन्नानव्वे लाख रुपैयाँ मात्र)
२.नेपाल सरकार राजश्वबाँडफाँडबाट प्राप्त अनुदान रु.८५८८५६९२।- अक्षरुपी आठ करोड अन्ठाउन्न लाख पचासी हजार छसय बयानव्वे रुपैयाँ मात्र ।
३.बागमती प्रदेश बाट प्राप्त समानिकरण अनुदान रु.१३९४६०००।- अक्षरुपी एक करोड उनान्चालीस लाख छयालीस हजार रुपैयाँ मात्र ।
४.बागमती प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त अनुदान रु.५२०८७१९१।- अक्षरुपी पाँच करोड वीस लाख सतासी हजार एक सय एकानव्वे रुपैयाँ मात्र ।
५.स्थानीय राजश्व वाँडफाँड(नदी जन्य पदार्थ विक्री शुल्क) रु.९७३२६००।- अक्षरुपी सन्तानव्वे लाख बत्तीस हजार छसय रुपैयाँ मात्र ।
६.स्थानीय कर( व्यवसाय कर,सिफारिस दस्तुर, अन्य सेवाशुल्क लगाएत) रु.७५७५०००।- अक्षरुपी पचहत्तर लाख पचहत्तर हजार रुपैयाँ मात्र ।
७.मध्येभोटेकोशी जल विद्युत आयोजना प्रभावित क्षेत्र विकास अनुदानबाट प्राप्त हुने रकम

रु.१०६०००००।- अक्षरुपी एक करोड छलाख रुपैयाँ मात्र ।
८.संघीय शसर्तबाट प्राप्त बजेट तथा कार्यक्रम(वित्तहस्तान्तरण) रकम रु.२४५९०००००।- अक्षरुपी चौवीस करोड उनान्साठी लाख रुपैयाँ मात्र ।
९.बागमती प्रदेशबाट प्राप्त शसर्त बजेट तथा कार्यक्रम(वित्तहस्तान्तरण) रकम रु.१८७५८०००।- अक्षरुपी एक करोड सतासी लाख अन्ठाउन्न हजार रुपैयाँ मात्र)
१०.बागमती प्रदेशबाट प्राप्त विशेष अनुदान बजेट तथा कार्यक्रम रु.७००००००।- अक्षरुपी सत्तरी लाख रुपैयाँ मात्र ।
११.बागमती प्रदेशबाट प्राप्त समपुरक अनुदान बजेट तथा कार्यक्रम रु.२३००००००।- अक्षरुपी दुइकरोड तीस लाख रुपैयाँ मात्र

जम्मा आय तर्फ रु.६०३३८४४८३।- अक्षरुपी साठी करोड तेत्तिस लाख चौरासी हजार चार सय त्रीयासी रुपैयाँ मात्र बजेट आ.व.२०८२।०८३ को लागि स्रोत प्रक्षेपण गरेको छु । यस बजेटमा सामाजिक सुरक्षा भत्ता, सडक वोर्ड नेपालबाट प्राप्त हुने रकम, विभिन्न संघ संस्थाहरुबाट नगरपालिकामा सञ्चालन हुने बजेट तथा कार्यक्रम, विद्युत प्रशारण लाइन प्रभावित क्षेत्र विकास कार्यक्रमबाट प्राप्त हुने कार्यक्रमहरु,आर्थिक बर्ष २०८१।०८२ को बैङ्क मौजुदा कोषमा रहेको रकम समावेश गरिएको छैन । त्यस्तो रकमको एकिन भए पछि यसै बजेटको अंग मानिने छ र त्यस प्रकारको बजेट तथा कार्यक्रमलाई नगरपालिकाबाट प्रकाशित हुने रेड बुकमा समावेश गर्ने व्यवस्था मिलाइएको छ ।

उल्लेखित अनुमानित आयहरुलाई देहाय वमोजिम **खर्च हुने** अनुमानी गरी स्वीकृतीका लागि यस सभामा पेश गर्दछु ।
१. वडाबाट मागको आधारमा छनोट भै प्रस्तावित भएका आयोजनाहरुको लागि सवै वडाहरुमा समानुपातिक बजेट विनियोजन गरि प्रत्येक वडामा रु.५० लाखका दरले ९ वटा वडाहरुलाई रु.४ करोड ५० लाख विनियोजन गरिएको छ ।
२.नगरपालिकाको विशेष ध्यान शिक्षा तर्फ रहेको हुँदा समग्र शिक्षा क्षेत्रको विकासका लागि शिक्षा तर्फ रु.४ करोड बजेट व्यवस्थापन गरिएको छ ।
३.स्थानीय जनताहरुको स्वास्थ्य क्षेत्रमा सहज पहुँच र स्वास्थ्य तर्फको बृद्धि विकासका लागि स्वास्थ्य तर्फ रु.१ करोड बजेट विनियोजन गरिएको छ ।
४.बाह्रविसे नगरपालिका मौषमजन्य र आकस्मिक विपदका घटनाहरु वढी घटन सक्ने क्षेत्र भएको हुँदा समग्र विपद व्यवस्थापन र विपदबाट घरबार विहिन हुन पुगेका नागरिकहरुको आवास पुननिर्माण कार्यक्रमका लागि रु.१ करोड ५० लाख विनियोजन गरिएको छ ।
५.नगरपालिकामा प्रदेश, तथा विभिन्न संघसंस्थाहरुबाट लागत साझेदारीका कार्यक्रमहरुमा लागत साझेदारी गर्न रु.२ करोड ८० लाख विनियोजन गरिएको छ ।
६.नगरपालिकाको समग्र कृषि तर्फको विकासका लागि रु.२५ लाख विनियोजन गरिएको छ ।
७.नगरपालिकाको समग्र पशु विकास कार्यक्रमको लागि रु.२५ लाख विनियोजन गरिएको छ ।
८.समग्र भौतिक पूर्वाधार तथा आर्थिक विकासका कार्यहरु तर्फ थप रु.२ करोड ७७ लाख ५३ हजार ६ सय विनियोजन गरिएको छु ।

९.चालु तर्फ कार्यालय सञ्चालन तथा नगरपालिकाको अन्य शाखागत कार्यक्रमका लागि रु.१३ करोड ७९ लाख ७२ हजार ८ सय ८३ विनियोजन गरिएको छ । यसमा कर्मचारीको पारिश्रमिक, मर्मत सम्भार,इन्धन,भ्रमण खर्च जस्ता कार्यालय संचालन प्रकृतीका खर्चहरु एवं न्याय प्रशासन,महिला बालवालिका,जेष्ठ नागरिक,दलित अल्पसंख्यक,अपाङ्गता भएका व्यक्तिहरु जस्ता लक्षित समुदाय तर्फका कार्यक्रमहरु समावेश गरिएको छ ।
१०.संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त, विशेष अनुदान र समपुरक अनुदानका कार्यक्रमहरु सोही शिर्षकहरुमा खर्च हुने व्यवस्था मिलाएको छ ।

**सभा अध्यक्षज्यू,**

स्थानीय राजश्व परामर्श समितिमा पेश भएको बाह्रविसे नगरपालिकाको **आर्थिक विधेयक, २०८२,** र
बाह्रविसे नगरपालिकाको विनियोजन **विधेयक २०८२,** लाई कार्यपालिका वैठकबाट पारित गरि स्वीकृतीका लागि यस सभामा पेश गरिएको छ ।

मौषमजन्य प्राकृतिक विपदका घटनाहरु घट्न सक्ने समयको शुरुवात भै सकेको छ, तसर्थ नगरपालिका भित्र र बाहिर बस्नु हुने सवै नगरवासीहरुलाई चनाखो र सुरक्षित भै बस्नुहुन र एक आपसमा सहयोग सद्भावको भावना लिई कार्य गर्नुहुन अनुरोध गर्दै नगरपालिकाको विकासमा सदैव सहयोग गर्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । बजेट तर्जुमाको क्रममा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू,प्रमुख प्रशासकीय अधिकृतज्यू,वडा अध्यक्षज्यूहरु तथा कार्यपालिका सदस्यज्यूहरु,विभिन्न शाखा सम्वद्ध कर्मचारीहरु,राजनैतिक दलका प्रतिनिधिज्यूहरु सवैमा हार्दिक आभार व्यक्त गर्दै बजेट तथा कार्यक्रमलाई घनिभुत रुपमा छलफल गरि पारित गर्न यस सम्मानित नगर सभालाई अनुरोध गर्दै बजेटको सफल कार्यान्वयनमा सवैको सहयोगको अपेक्षा गरिएको छ ।

धन्यवाद !

मन्जु तामाङ
उपप्रमुख